सिटिजन हेल्प डेस्क

# सिटिजन हेल्पडेस्क बुलेटिन

अंक #३
चैत्र, २०७३

सिटिजन हेल्पडेस्क बुलेटिनको तेस्रो अंकमा स्वागत छ। 'सिटिजन हेल्पडेस्क' जिल्लाहरुमा समुदायलाई सही सूचना प्रवाह गरी उनीहरुको दैनिकीलाई सहज बनाउन कार्यरत स्थानीय युवा स्वयंसेवकहरु Community Frontline Associates (CFA) ले नेतृत्व गरेको नागरिक अभियान हो। जसले, नागरिकहरुले स्थानीयस्तरमा भोगेका संवेदनशील समस्याको बारेमा सूचना संकलन गर्नुका साथै त्यस भित्रको यथार्थ पत्ता लगाई सरकार, सञ्चार माध्यमहरु, दातृ निकायहरु र समुदायलाई सही सूचना प्रवाह गरी उनीहरु बीचको अन्यौलता हटाउदै समग्र सरकारी निर्णयलाई सही दिशा दिन सहयोग गर्दछ।

## प्रश्न



**रविओपी, काभ्रेपलाञ्चोक**

"वैदेशिक रोजगारमा जानकालागि सरकारले रोक लगाएको छ रे ! सबै देशमा हो की, केही देशमा मात्रै हो ?"

**नलाङ, धादिङ**

"सरकारले कुनकुन देशहरु वैदेशिक रोजगारमा जानकालागि रोक लगाएको छ ?"

## जवाफ

नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय वैदेशिक रोजगार विभागले संस्थागत रुपमा वैदेशिक रोजगारकालागि जम्मा १ सय १० वटा देशहरु खुल्ला गरेको छ। जस मध्ये अफगानिस्तान, ईराक र लिबियालाई त्यहाँको सुरक्षा र राजनैतिक अस्थिरताका कारण हाललाई रोक लगाइएको छ।

**नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय**
वैदेशिक रोजगार विभाग
०१-४७८२४५४

# प्रश्न

**खरानिटार, नुवाकोट**

"इन्जिनियरले अनुगमन गरेर गएपछि पनि वास्तविक पीडितको लिस्टमा परिएन। गुनासो सुनुवाई फारम पनि भरियो तर, पनि न्याय पाईएन अब फेरी पनि गुनासो फारम भर्न मिल्छ कि मिल्दैन? दोस्रो पटक गुनासो फारम भर्न के गर्नु पर्ला ?"



**महादेवस्थान, काभ्रेपलाञ्चोक**

"गुनासो सुनुवाई फारम भरियो तर सुनुवाई भएन। के गर्ने ? हामी वास्तविक पीडितले न्याय नपाउने नै हो त ?"

# उत्तर

वास्तविक पीडितलाई न्याय दिलाउनका लागि नेपाल सरकारले अदालतका वहालवाला न्यायधीशको अध्यक्षतामा पुनरावेदन समिति गठन गरेको छ। जसले पुनरावेदन न्यायिक निकायको रुपमा कार्य गर्दछ।

पुनरावेदन न्यायिक निकायले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको गुनासो सुनुवाईबाटपनि जनताले न्याय पाएनन् भने त्यसका बारेमा अध्ययन, अनुसन्धान गरी जनतालाई न्याय दिलाउनमा सहयोग गर्दछ।

यदि गुनासो सुनुवाई फारम भरेपछि पनि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको गुनासो सुनुवाई समितिबाट सुनुवाई भएन भने पीडितले सिधै काठमाडौंस्थित पुनरावेदन समितिमा उजुरी निवेदन दिन सक्दछन् अथवा आफ्नो जिल्लास्थित राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको शाखा कार्यालयमा समेत निवेदन दिन सकिन्छ। सो निवेदन प्राधिकरणले पुनरावेदन समितिमा पठाइसके पछि केन्द्रमा दर्ता हुन्छ। पुनरावेदन समितिले प्राधिकरण र पीडित दुवैका पक्षका कुरा सुनेर त्यसमा अध्ययन अनुसन्धान गरेर अन्तिम निर्णय गर्दछ।


**भिष्म राज कडरिया**
सदस्य, पुनरावेदन समिति
९८५१०९४८३४

**डा. भिष्म कुमार भुषाल**
सह-प्रवक्ता
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
९८५११७७५७

# हल्ला

## शरदावतासे, काभ्रेपलाञ्चोक

“स्थानीय चुनावमा धेरै भोट लिनका लागि सरकारले अनुदान रकम बढाउदैछ भन्ने हल्ला छ रे नि ?”



## कालिका, सिन्धुपाल्चोक

“सरकारले चुनावको मिति तोकेको छ। अब चुनावपछि मात्र दोस्रो किस्ता पाईन्छ भन्ने हल्ला छ।”

# यथार्थ

सरकारले आगामी २०७४ साल बैशाख ३१ गते स्थानीय निकायको निर्वाचनकालागि मिति तोके पनि पुनर्निर्माणको कार्य सुचारू रहने कुरा निर्वाचन आयोगको कार्यालयले जनाएको छ।

आउँदो चुनावका कारण भूकम्प पीडितमा पर्ने अन्यौलता हटाउन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले भूकम्प प्रभावित जिल्लामा स्थानीय रेडियो मार्फत जनहितमा जारी सूचना प्रवाह गरिरहेको छ।

**सूर्य प्रसाद शर्मा**
प्रवक्ता
निर्वाचन आयोगको कार्यालय
०१-४२२६८००
९८५११०८२१२

**डा. भिष्म कुमार भुषाल**
सह-प्रवक्ता
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
९८५११७७५७

# प्रश्न

## कोईरालाचेत, नुवाकोट

"करिब ७० घर परिवारले पहिलो किस्ता बापतको अनुदान रकम प्राप्त गरी सकेर पनि काठको अभावका कारण घर बनाउन सकेका छैनौ। जंगलबाट काठ लिन पनि सकेका छैनौ। वन कार्यालयमा मौखिक रूपमा काठ माग गर्दा वन कार्यालयका अधिकृतले मिल्दैन भन्नुभयो। हामीसंग भएको काठ प्रयोग गर्दा एक दुई वर्ष भन्दा बढी टिक्दैन। काठ बिना घर बनाउन सकिदैन के गर्ने ?"

## नलाङ, धादिङ

"वनमा काठ छैन। किन्न पनि पाइदैन। पुरानो काठ एउटै पनि काम लाग्ने छैन। पुरानो घरको काठ टुक्रा-टुक्रा छ। कतै प्रयोगमा आउदैन। पैसा भएर पनि हामीले काठ नभएकै कारण घर बनाउन पाएका छैनौ। काठ कसरी पाईन्छ ?"



## रविओपी, काभ्रेपलाञ्चोक

"स्थानीय वनमा काठ नभएका कारण यहाँका भूकम्प पीडित अन्यौलमा परेका छन्। वनमा काठ छैन, सरकारले ल्याइदिन्छ भनेको काठ पनि अहिले सम्म आएन, हामीले काठको साटो के प्रयोग गर्ने होला ?"

# जवाफ

भूकम्पबाट प्रभावित जिल्लामा पीडितहरूको घर निर्माणका लागि नेपाल सरकारले स्थानीय सामुदायिक वन मार्फत काठ उपलब्ध गराउने निर्णय गरेको छ। यदी सामुदायिक वनमा पर्याप्त काठ उपलब्ध नभएमा छिमेकी जिल्लाबाट आवश्यक काठको परिपूर्ति गरिने छ। जसकालागि वन तथा भू-संरक्षण मन्त्रालयले भूकम्प पीडितका लागि काठ उत्पादन, आपूर्ति र व्यवस्थापन निर्देशिका, २०७२ जारी गरेको छ।

भूकम्प पीडितले काठ माग गर्दा भूकम्प पीडित परिचयपत्र र सम्बन्धित गाउँ पालिका/नगरपालिका/उपमहानगरपालिका/ महानगरपालिकाको घर पुनर्निर्माण गर्ने सिफारिस समेत पेश गर्नुपर्नेछ। यति गर्दा पनि मागको सुनुवाई भएन भने राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा उजुरी दिन सकिन्छ।

भूकम्प प्रभावित हरेक जिल्लामा काठ सहजरूपमा उपलब्ध गराई बिक्री वितरण प्रकृयालाई सहजिकरण तथा ब्यवस्थापन गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा एक काठ व्यवस्थापन समिति गठन गरिएको छ।

**यज्ञनाथ दाहाल**
सूचना अधिकृत
वन तथा भू-संरक्षण मन्त्रालय
९८४१२०८३१७

**सम्पर्क**
नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालय
वन विभाग, बबरमहल, काठमाण्डौ
०१-४२२१२३१

**पदम नेपाल**
जिल्ला बन अधिकृत, नुवाकोट
९८४१५६३३२२

# मेरो कथा – अनुभुती र भोगाई





## कृष्णकुमारी श्रेष्ठ

### इर्खु, सिन्धुपाल्चोक

इर्खु-३ छिपीचौर, सिन्धुपाल्चोकका ४२ वर्षीय ठगबहादुर श्रेष्ठ २०७२ साल बैशाख १ गते १ लाख ९५ हजार नेपाली रुपैयाँ खर्च गरेर वैदेशिक रोजगारकालागि मलेसिया गएका थिए । स्थानीय नेत्रबहादुर लामासँगै मलेसिया गएका उनले गत असार १ गते अन्तिम पटक श्रीमती कृष्णकुमारी श्रेष्ठसंग कुरा गरेका थिए । भोलि केही पैसा पठाईदिन्छु बाँकी रहेको ऋण तिर्नु भनेर खवर गरेपछि उनी हाल सम्म बेखबर छन् ।

संगै गएका नेत्रबहादुरले फोन गरेर  ठगबहादुर जेल परेको जानकारी गराएका थिए । कृष्णमायाले त्यस पछि थुप्रै पटक सोही नम्बरमा फोन गर्ने प्रयास गरिन तर, लामो समय सम्पर्क हुन सकेन । अहिले अर्कै मान्छेले फोन उठाउछ । ठगबहादुरको बारेमा सोध खोज गर्दा फोन उठाउने व्यक्तिले त्यहाँ कोही नेपाली नरहेको जानकारी गराएपछि कृष्णमाया झन समस्यामा परेकी छिन । म्यानपावर कम्पनीसंग सोद्धा कम्पनी भन्दा बाहिरबाट पक्राउ परेकाले कम्पनी जिम्मेवार नरहेको र यस बारेमा कम्पनीले  केही गर्न नसक्ने जानकारी गराएको छ ।

परिवारलाई ठगबहादुर किन र कुन कसुरमा जेल परे भन्ने पनि थाहा छैन । न त उनलाई सकुशल घर फर्काउने कानुनी उपचारको प्रकृया नै थाहा छ । कमाउन गएका ठगबहादुर दश महिनादेखि परिवारको सम्पर्कमा छैनन् तर पनि उनको परिवारले अहिले सम्म कुनै उपाय भेट्टाउन सकेको छैन । कहाँ उजुरी गर्ने ? कसलाई गुहार्ने ?

## यो पनि थाहा पाईराखौं - सरकार द्वारा गरीएका नविनतम निर्णयहरु

- भूकम्प पीडितहरुका लागि काठ उत्पादन, आपूर्ति र व्यवस्थापन निर्देशिका, २०७२(Link)
- उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सूचना (Link)
- वैदेशिक रोजगारका लागि अभिमुखिकरण तालिम प्रदान गर्ने संस्थाहरुको विवरण (Link)
- वैदेशिक रोजगारका क्रममा दुर्घटनामा परी अंगभंग भएका कामदारले आर्थिक सहायताका लागि दिने निवेदनको ढाँचा (Link)
- नेपाल सरकारबाट संस्थागत रुपमा वैदेशिक रोजगारका लागि खुल्ला गरिएका देशहरु (Link)

यो अंकमा समेटिएका  हल्ला र सवाल तथा सूचनाहरु, जिल्लामा रहेर काम गरिरहेका CFA हरुले स्थानीय जनतासंग गरेका प्रत्यक्ष कुराकानी, सामुदायिक छलफल, संचार माध्यमहरु र जिल्लामा कार्यरत विभिन्न संघ संस्थाका प्रतिनिधिबाट संकलन गरिएका सामग्री हुन्। फागुन १८ गतेदेखि चैत १८ गतेसम्म ४ जिल्लाका करिब ५ सय ३८ जना स्थानीयवासीसँग कुराकानी गरी तयार पारेका टिप्पणीहरु यो बुलेटिनको सूचनाका प्रमुख स्रोत हुन्। विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरिएका छन्। यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन्।

**Accountability Lab द्वारा Local Interventions Group संगको सहकार्यमा प्रायोजित सिटिजन हेल्पडेस्क बुलेटिन।**